जि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० | अंक २४३ | २०७८ साल वैशाख १७ गते शुक्रबार (30 Apr. 2021 Friday) | मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- सम्पत्तिको आपराधिक उपयोग गर्ने (अर्काको सम्पत्ति बेइमानीको नियतले उपयोग, हानि नोक्सानी वा हिनामिना गर्ने) लाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- आपराधिक विश्वासघात गर्ने (आफ्नो जिम्मा वा संरक्षणमा रहेको सम्पत्ति करार वा सम्झौता विपरीत अर्कालाई उपयोग गर्न दिने वा हक टुटाई अरुलाई दिने) लाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने,
- अपराधिक लाभ (एक्टर्सन) लिने (अरुलाई धम्क्याई निजबाट लाभ लिने) लाई सात बर्षसम्म कैद र सत्तरी हजार रुपौयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

***Log on : rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : दोस्रो लहरले ननिम्त्याओस ... ३ पृष्ठमा : १५ मा पूर्ण र तीन ... ३ पृष्ठमा भारतमा एक करोड ८० ...

# सशस्त्र प्रहरीद्वारा लागु औषधसहित दुई यूवक पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, १६ वैशाख ।**

सशस्त्र प्रहरीले लागुऔषधसहित दुई यूवकलाई बिहीबार पक्राउ गरेको छ ।

भारतीय सीमासँग जोडिएको सप्तरीको राजगढ गाउँपालिका २ आन्द्रामोठ क्षेत्रमा चेकजाचको क्रममा लागुऔषधसहित दुबै यूवकलाई सशस्त्र प्रहरीले पक्राउ गरेको हो ।

भारतीय सीमा क्षेत्रबाट चोर बाटो हुँदै मोटरसाइकलमा नेपालतर्फ लागुऔषधसहित आउँदै गरेका राजविराज नगरपालिका ८ बस्ने ४३ वर्षिय गज्जु दास र विष्णुपुर गाउँपालिका ७ कनकटा बस्ने २८ वर्षिय अभिमन्यु कुमारलाई पक्राउ गरेको सशस्त्र प्रहरीले जनाएको छ ।

उनीहरुको साथबाट प्रतिबन्धित लागुऔषध डाइजेपाम सुई ६५, डाइजेल्याब सुई ६४, फेनारगन सुई र लेजिस सुई ६५/६५ थान तथा नाइट्रोक्सन ट्याबलेट ५० थान बरामद गरिएको जनाइएको छ ।

यस्तै उनीहरुको साथबाट लागुऔषध ओसारपोसारमा प्रयोग गरिएको एक थान मोटरसाइकल तथा जिल्ला प्रशासन कार्यालय सप्तरीबाट लक्ष्मी कुमार मण्डल र बोधनी देवीको नाममा जारि गरिएको दुई थान नागरिकताको प्रतिलिपी समेत बरामद गरिएको छ ।

प्रहरीलाई देख्ना साथ भाग्न खोजेका दुबै जनालाई सशस्त्र प्रहरी हवल्दार मो. फारुक मियाँ नेतृत्वको टोलीले पछ्याउँदै घटना स्थलबाट केही दुरीमै पक्राउ गर्न सफल भएको सशस्त्र प्रहरी उपरिक्षक राजु श्रेष्ठले जानकारी दिए ।

पक्राउ परेका दुबैमाथी नेपाल प्रहरीको समन्वयमा थप अनुसन्धान तथा आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको सशस्त्र प्रहरी बल गण नं. ६ हेडक्वारटर राजविराजले जनाएको छ ।

# कोरोना संक्रमित यूवकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १६ वैशाख ।**

सप्तरीका एक कोरोना संक्रमित यूवकको उपचारका क्रममा बिहीबार बिहान मृत्यु भएको छ ।

सप्तरीको अग्निसाइर कृष्णसवरण गाउँपालिका ५ का २४ वर्षीय ती संक्रमित यूवकको धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारका क्रममा मृत्यु भएको हो ।

ती युवक एक साताअघि भारतको दिल्लीबाट फर्किएका थिए । श्वासप्रश्वासमा समस्या देखिएपछि गत सोमबार उनलाई अस्पताल भर्ना गरिएको गाउँपालिका अध्यक्ष परशुराम चौधरीले जानकारी दिएका छन् ।

# पर्सामा एकै दिन १ सय ६९ संक्रमित भेटिए

पर्सा, १६ वैशाख (रासस) ।

पर्सामा बिहीबार एकै दिन १६९ जना कोरोना सङ्क्रमित फेला परेका छन् । वीरगञ्जको नारायणी अस्पतालमा २८८ जनाको स्वाबको नमूना परीक्षण गर्दा बिहीबार बिहान आएको रिपोर्टमा १० वर्षदेखि ७७ वर्ष उमेर समुहका १३३ पुरुष र ३६ महिलामा सङ्क्रमण पुष्टि भएको हो ।

भेटिएका सङ्क्रमितमध्ये सबैभन्दा बढी पर्साबाट १४० रहेका छन भने बाराबाट २४, रौतहटबाट तीन र सप्तरी तथा दैलेखका एक/एक जनामा सङ्क्रमण पुष्टि भएको नारायणी अस्पतालका कोभिड संयोजक डा सरोज रोशन दासले जानकारी दिनुभयो । उहाँले कोरोना

*बाँकी अन्तिम पृष्ठमा*





विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

मास्क लगाउनुहोस्

मैले लगाएको मास्कले तपाईंको सुरक्षा गर्छ



तपाईंले लगाउनुभएको मास्कले मेरो सुरक्षा गर्छ

हामी सबैको साझेदारीले मात्र हामी एक अर्कालाई बचाउन सक्छौं




तिरहुत गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

# थप चार हजार ९२८ कोरोना संक्रमण पुष्टि

काठमाडौं, १६ वैशाख (रासस) ।

देशभर पछिल्लो २४ घण्टामा थप चार हजार ९२८ जनामा कोभिड-१९ को संक्रमण पुष्टि भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार पछिल्लो समय १३ हजार ५६० जनाको स्वास्थ्य परीक्षण गर्दा सो संख्यामा संक्रमण पुष्टि भएको हो । यसमा १२ हजार ५९७ जनाको पीसीआर र ९६३ जनाको एन्टीजेन परीक्षण गर्दा क्रमशः चार हजार ८३१ र ९७ जनामा संक्रमण पुष्टि भएको हो ।

बिहीबारसम्म नेपालमा संक्रमितको संख्या तीन लाख १७ हजार ५३० पुगेको छ । त्यस्तै पछिल्लो समय थप ८८८ जना निको भएका छन् । योसँगै निको हुनेको संख्या दुई लाख ८७ हजार १६७ रहेको छ । निको हुने दर भने ८८ दशमलव दुई प्रतिशत रहेको छ ।

अहिले देशभर ३४ हजार ११७ सक्रिय संक्रमित छन् । हालसम्म नेपालमा २४ लाख ५८ हजार ५६५ को पीसीआर परीक्षण भएको छ । त्यस्तै पछिल्लो समय कोरोनाका कारण ३५ जनाको मृत्यु भएको छ । हालसम्म कोरोनाका कारण तीन हजार २४६ जनाले ज्यान गुमाएको मन्त्रालयले जनाएको छ ।

पछिल्लो २४ घण्टामा काठमाडौं उपत्यकामा एक हजार ५६१ संक्रमित थपिएका छन् । यसमध्ये काठमाडौं जिल्लामा एक हजार १२७, ललितपुरमा २५२ र भक्तपुरमा १८२ संक्रमित थपिएका हुन् । उपत्यका बाहिर ५२८ र बाँकेमा ४८९ संक्रमित थपिएका छन् । त्यस्तै, कैलालीमा ३३९, मोरडमा १३७, पर्सामा १५० र दाङमा १८१ संक्रमित थपिएका छन् ।

# दोस्रो लहरले ननिम्त्याओस दुर्दशा

काठमाडौं, १६ वैशाख (रासस) ।

काठमाडौंभित्र र बाहिर गर्ने मुख्य नाका कलङ्कीको बुधबार साँझको अवस्था हेर्दा यहाँ सरुवा रोगको महामारी छ भन्ने नै लाग्दैनथ्यो । त्यसैले यहाँ बसोबास गर्दै आएका हजारौं नागरिकले राजधानी शहर छोड्ने तरखर गर्दै थिए । आ-आफ्ना घरगाउँ फर्किने हतारमा रहेका उनीहरू भन्दै थिए "भोलि बिहानै निषेधाज्ञा लागिसक्छ, बिहीवारै रातिसम्म काठमाडौं छोडिसक्नुपर्छ, नत्र पहिलेजस्तै विनाकाम महिनौं यहीँ थन्किनुपर्छ ।"

धेरैले बसको टिकट लिइसकेका, केहीले समूह समूह बनाएर बस या माइक्रो 'रिजर्भ' गरेका र कतिपय कलङ्की पुगेपछि केही न केही साधन पाइहाल्छ त्यसैमा जाउँला भनेर पनि आएका थिए । सवारीको जोहो नगरी आएकाहरू कलङ्कीको बाबा पेट्रोलपम्पको अघिल्तिर उभिएका थिए र जुन बस या सवारी साधन आयो त्यसैतिर झुम्मिन्थे र चढिहाल्थे । कुनैले सकिनसकी भरेर लगेका थिए भने कति सवारीका 'स्टाफ' ले टिकट देखाएर मात्र भित्र छिर्न दिइरहेका थिए ।

दाङ घर बताउने मनलाल चौधरीले तीनवटा गाडी चढेर पनि ओर्लिनुभयो । ती सवारी 'रिजर्भ' रहेछन्, उहाँलाई टिकट मिलेन । अन्तिममा राति साढे ८ बजेको एउटा गाडी भेटियो बुटवलसम्म जाने । त्यसमा पनि सिट त थिएन मुडामा बसेर जान उहाँ राजी हुनुभयो ।

यस्तो हत्ते गरेर किन घर जान लाग्नुभयो ? मैले सोधेँ । उहाँको जवाफ थियो, "गत साल मैले धेरै दुःख पाएँ । सरकारले गत वर्षको चैतमा सात दिनका लागि मात्र भनेर लकडाउन गऱ्यो । हामी घर जाने समय पनि भएन । हामी सर्वसाधारणले त्यही सात दिनमात्र होला भनेरै बुझ्यौं तर पछि त्यस्तो भएन, लकडान साउनसम्मै पुग्यो । न यहाँ काम गर्न पाइयो, न केही खाने कुरा भयो नत घर फर्किन पाइयो । यसपालि पनि त्यस्तै हुन्छ भनेर बिहीवारै घर हिँडेको ।

मजदुरी काम गर्ने उहाँजस्ता धेरैको बुझाई त्यस्तै छ । सरकारले एक हप्ता मात्र भने पनि यो निषेधाज्ञा कति हप्ता जान्छ थाहा छैन भन्छन् धेरैले । उनीहरूको अनुमान छ- यो हप्तौं, महिनौंसम्म पनि जानसक्छ । त्यसैले आफ्नो गाउँघरमै गयो भने केही काम पाइन सक्छ, नपाइए पनि घरतिरै खेतीको काम गरेर पनि बाँच्न सकिन्छ भन्ने लागेको छ उनीहरूलाई । गाउँ फर्किँदै गरेका धेरैले यही संशय बोकेका छन् ।

यातायात व्यवसायी महासङ्घका पदाधिकारीका अनुसार सरकारले निषेधाज्ञा गर्ने घोषणा गरेपछिका तीन दिनमा कम्तीमा पाँच लाख नागरिकले काठमाडौं छोडेका छन् । यसको यकिन तथ्याङ्क नरहे पनि त्यतिका सङ्ख्यामा राजधानीबासी बाहिरिएको अनुमान छ । मङ्गलबार र बुधबार कलङ्की, बल्खु र कोटेश्वरको अवस्था हेर्दा दशैंभन्दा बढी भिडभाड देखिन्थ्यो । अनुमानित ५० लाखको काठमाडौंमध्ये आधाआधी बाहिरिन दशैंमा जस्तो भीड लाग्थ्यो, यो तीन दिन पनि त्यस्तै देखियो ।

बिहीबारदेखि काठमाडौं उपत्यका र विभिन्न शहरमा लागू हुने दुई साताको निषेधाज्ञाले कोरोना भाइरस सङ्क्रमण विस्तारको गतिमा कमी आउने अनुमान सरकारको छ । नेपालका जनस्वास्थ्यविद्हरूले घोषित निषेधाज्ञाको अवधिमा सङ्क्रमण विस्तारको क्रम त घट्छ तर गाडीमा यो भीडभाड गरेर यात्रा गर्ने हो भने यसले शहरी क्षेत्रमा केही सुधार आए पनि गाउँगाउँमा भाइरस भित्रिने बताउँछन् ।

करिब दुई हप्तायतादेखि नेपालमा देखिएको कोरोना सङ्क्रमणको दरमात्र होइन यसको असर पनि अत्यधिक सङ्क्रामक रहेको जनस्वास्थ्यविद्हरूको दाबी छ । उनीहरूका अनुसार नेपालमा हाल 'युके भेरिएन्ट', 'डबल म्युटेन्ट भेरिएन्ट' देखिसकिएको छ । यति मात्र नभएर उनीहरू हाल भारतमा पुष्टि भइसकेको 'ट्रिपल म्युटेन्ट भेरिएन्ट' समेत हुनसक्ने आशङ्का उनीहरूको छ । भारतका स्वास्थ्यविज्ञहरूले डबल म्युटेन्ट मात्र नभई ट्रिपल म्युटेन्टसमेत बढेको बताएका छन् ।

स्वास्थ्य मन्त्रालयले दिनहुँ भाइरस सङ्क्रमणका तथ्याङ्क बढेर आउन थालेपछि गरेको एक अध्ययनअनुसार अहिले कोरोना देखिएका एक व्यक्तिले यो सङ्क्रमण दुईभन्दा बढी व्यक्तिलाई सारिरहेको देखिएको छ । ''सङ्क्रमणको विस्तार ज्यामितीय दरमा भइरहेको र भाइरसको सङ्क्रमणको 'चेन' तोड्न अहिले नै अत्यावश्यक कामबाहेकका अरु सबै सेवा बन्द गरेर नागरिकलाई घरघरमै राख्नुबाहेकको अर्को विकल्प नरहेको", प्रवक्ता प्रा डा जागेश्वर गौतम बताउनुहुन्छ ।

यो अध्ययनपछि मानिसलाई घरबाहिर निस्कन प्रतिबन्ध लगाउनुपर्ने निर्णयमा स्वास्थ्य मन्त्रालयका अधिकारीहरू करिब दुई साताअघि नै पुगिसकेका थिए । प्राडा गौतम भन्नुहुन्छ, "पहिलेको भन्दा यसवर्ष निकै घातक रूपमा महामारी बढिरहेकोले अब यसको चेन ब्रेक गर्न निषेधाज्ञाबाहेकको अर्को विकल्प नै देखिँदैन ।"

नेपाल सरकार पनि पछिल्लोपटक आएको यो दोस्रो वेभ भनिएको महामारीले प्रभाव फैलाइरहेका देशका १५ जिल्लालाई बढी जोखिमको सूचीमा राखेर निषेधाज्ञाको निर्णयमा पुगेको हो । काठमाडौं उपत्यकामा पनि बिहीबार बिहान ६ बजेदेखि निषेधाज्ञा शुरु भएको छ र यहाँका सरकारी कार्यालयले पनि अत्यावश्यक बाहेकका सेवा बन्द गरेका छन् । सार्वजनिक यातायात बिहानैदेखि बन्द भएका छन् भने विद्यालय, कलेजहरू सरकारले अघिल्लो हप्ता नै बन्द गरिसकेको छ । बिहीबार बिहानको अवस्था हेर्दा सबैतिर बन्दै देखिन्छ । नागरिकको मानसिकता बुझ्दा उनीहरू यहाँको अवस्था अघिल्लो वर्षको लकडाउनको जस्तो हुने त्रासमा छन् ।

विज्ञहरू तत्कालको निषेधाज्ञा महामारी रोक्न प्रभावकारी साधन हो भन्छन् । उनीहरू सबैलाई खोप लगाउनुपर्ने, अनिवार्य स्वास्थ्य मापदण्डको पालना गर्नुपर्ने, कन्ट्याक ट्रेसिङबाट सङ्क्रमितहरूका वरिपरिका मानिसहरूको नजिक पुग्नुपर्ने, पिसिआर परीक्षणको दायरा बढाउनुपर्ने, बिरामीलाई उपयुक्त स्वास्थ्य उपचारको सुविधा हुनुपर्ने सुझाव दिन्छन् ।

स्थितिमा सुधार आउनका लागि निषेधाज्ञाको प्रभावकारिता अझै बढाउनुपर्ने र एकदेखि अर्को शहरको आवतजावत तथा एकदेखि अर्को मानिसको भेटलाई टुटाउनुपर्ने उनहीहरूको सुझाव छ । दुई सातामा यसको प्रभाव देखिन थाल्ने र अहिलेलाई यति समय पर्याप्तजस्तो लागे पनि दुई सातामा कोभिडका सङ्क्रमितहरू घट्न थालेपछि पनि निषेधाज्ञाको स्वरुपलाई विस्तारै खुकुलो पार्ने तर हत्तै खोल्न नहुने सुझाव उनीहरूको छ ।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका पूर्वनिर्देशक डा बाबुराम मरासिनीले निषेधाज्ञाको अहिलेको अवस्थामा केही दिनका लागि सङ्क्रमितको सङ्ख्यामा कमी आएको देखिए पनि पुनः चहलपहल बढे फैलिन सक्ने बताउनुहुन्छ । उहाँले अहिलेको निषेधाज्ञाले तत्कालका लागि देशका स्वास्थ्य संस्थाहरूमा देखिएको उपचारको अत्यधिक दबाब र शय्या अभावको अवस्थामा केही सुधार हुने बताउनुहुन्छ ।

अर्को कुरा निषेधाज्ञाले गर्दा हरेक व्यक्तिबीच घुलमिल र सम्पर्क हुन नपाउँदा सङ्क्रमणको जालो तोडिन सक्नेछ र रोगको विस्तार हुन पाउँदैन । यसकारण पनि निषेधाज्ञाले सङ्क्रमण दर घटाउने विश्वास गरिएको हो । तर यतिखेर राजधानी, शहर र बजार क्षेत्रबाट गाउँ जानेहरूबाट सङ्क्रमण फैलिने जोखिम भने कायमै रहेको देखिन्छ । कतिपय विज्ञहरूले एक/दुई साताको निषेधाज्ञाले फरक नपार्ने र यसलाई कम्तीमा पनि एक महिना लम्ब्याउन सकिएमा सङ्क्रमणको गति सीमित गर्न सहयोग पुग्ने बताउँछन् ।

जनस्वास्थ्यविद् डा रवीन्द्र पाण्डे यसपटकको नयाँ प्रजातिको महामारी अघिल्लो वर्षकोभन्दा निकै खतरनाक रहेको बताउनुहुन्छ । ज्वरो आउने, खोकी लाग्ने, शरीर दुख्ने, कुनै पनि खानाको स्वाद र गन्ध हराउने, पखाला वा र बान्ता हुने, शरीरमा धेरै नै थकान महसुस हुने, निद्रा लागिरहनेमध्ये केही लक्षणहरू देखिएमा पीसीआर परीक्षण गरिहाल्न उहाँको सुझाव छ । उहाँले यसपटक परिवारमा एकजना सङ्क्रमित भएमा सबै सङ्क्रमित हुने अवस्था रहेकोले सङ्क्रमित व्यक्तिलाई धेरै सावधानी अपनाउन र आइसोलेसनमा बस्न पनि सुझाव दिनुहुन्छ ।

उहाँजस्तै यस वर्ष धेरै जनस्वास्थ्यविद्हरूले पिसिआर पोजिटिभ आएमा गतसाल जस्तो जनस्वास्थ्यका मापदण्ड अपनाएर आफैँ घरमा बस्नुभन्दा पनि यसपटकको भाइरसले छिटो कोभिड निमोनिया गराउने भएकाले नजिकको कोभिड अस्पतालको 'फिभर' क्लिनिकमा जानुपर्ने बताउनुहुन्छ ।

यस वर्ष मैले खोप लगाएको छु, मलाई पहिले नै भएकोले गत वर्षकै एन्टिबोडीले काम गर्छ भनेर लापरबाही गर्न पनि नहुने र शरीरमा अप्ठ्यारो भएमा तुरुन्त अस्पताल जानुपर्ने जनस्वास्थ्यविद्हरूको सुझाव छ । पहिले बालबालिका तथा युवालाई केही हुँदैन भनेर घरमा बस्ने गरिएकामा यसपटक बालबालिका र युवाको सङ्क्रमणदर झन् बढी र सङ्क्रमितमा गम्भीर समस्या देखिएकोतर्फ पनि सबै सचेत हुनुपर्ने राय उहाँहरूको छ ।

प्रतिरोध क्षमता बढाउनको लागि भन्दै विगतमा नेपालमा पनि बेसार पानी, गुर्जो या अनेकथरि जडिबुटीको सेवन गर्ने मानिस धेरै थिए । उनीहरूले सेवन मात्र गरेनन् सम्बन्धित चिकित्सक तथा स्वास्थ्यकर्मीको सिफारिशबिना नै यो खानु र उखानु भनेर सञ्चारमाध्यमबाटै प्रचार पनि गरे । अहिले पनि कतै अम्बाको पात उमालेर खाने या कतै के भनेर प्रचार गरिएका छन् । तर कतिपय जडीबुटीले शरीरको 'स्टामिना' बढाउने काम गरे पनि कोरोनाकै औषधि भनेर केही पनि सेवन गर्नुहुँदैन ।

नेपालमा हाल कोभिड सङ्क्रमण दिन दुइगुना, रात चौगुनाको दरले बढ्दै गएको छ । यही वैशाख १ गतेसम्म दैनिक पाँच सयको हाराहारीमा रहेका सङ्क्रमितको सङ्ख्या अहिले आएर दिनमै चार हजार जना नाघेको छ । बुधबारमात्र अघिल्लो २४ घण्टामा चार हजार ८९७ जना पुगेको तथ्याङ्क सार्वजनिक भएको छ ।

अहिलेसम्म नेपालमा तीन लाख १२ हजार ६९९ जना यो भाइरसबाट सङ्क्रमित भएका छन् भने दुई लाख ७९ हजार २७९ जना निको भएका छन् । यसरी हेर्दा नेपालमा अझै पनि ३३ हजार जनाभन्दा बढी सक्रिय सङ्क्रमित रहेका छन् । यो महामारीबाट तीन हजार जनाभन्दा बढीको ज्यान गइसकेको छ । विश्वमा यसले ३० लाखभन्दा बढीको ज्यान लिइसकेको छ भने करोडौं नागरिक सङ्क्रमणमा परेका छन् ।

सन् २०१९ कै डिसेम्बरमा चीनको वुहानबाट निस्किएको भनिएको कोभिड १९ जीवाणुले अहिले विश्व विचरण गरिरहेको छ । यो अदृश्य जीवाणुले छ महिनाअघि बेलायतमा फेरि अर्कै स्वरुपको प्रजातिका रूपमा प्रकटा भएको बताइन्छ । वर्षदिन भन्दा लामो समयसम्म पनि त्यही पुरानै जीवाणुलाई परास्त गर्न नसकिरहेका बेला यसले नयाँ नयाँ प्रजातिका रूपमा जन्म लिइरहेको छ । अरु विश्वतिर विभिन्न स्वरुप र चरणमा चाहारिरहेको भनिएको यो जीवाणु यतिखेर नेपालमा पनि दोस्रो लहरका रूपमा फेरि भित्रिएको छ ।

हामीले वर्ष दिनभन्दा लामो समयदेखि यसका बारेमा धेरै सुनेका र जानेका पनि छौं । अब हरेकले अरु सबै बिर्सिएर सबैभन्दा पहिला आफैँलाई बचाउने प्रणका साथ खानपिन, आनीबानी र व्यवहारमा परिवर्तन गरौं । मानिसको सबैभन्दा प्रिय वस्तु आफ्नै शरीर भएकाले आफूलाई बचाउने प्रणका साथ हामी लग्यौं भने यसबाट अरुको हुँदै सबैको ज्यान बाँच्ने छ । सबैले मिलेर कामना गरौं- दोस्रो लहर भनिएको यो महामारीले हामी कसैको घरआँगनमा दुर्दशा ननिम्त्याओस् ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# १५ मा पूर्ण र तीन जिल्लामा आंशिक निषेधाज्ञा

काठमाडौँ, १६ वैशाख (रासस)।

नेपाल भारत सीमा जोडिएको बाँके जिल्ला शुरुमै कोभिड-१९ सङ्क्रमणबाट नराम्ररी प्रभावित भयो। प्राप्त विवरणअनुसार उक्त जिल्लामा सङ्क्रमितलाई भूइँमा राखेरसमेत उपचार गराइएको छ भने बिरामीले सघन उपचार कक्षसमेत पाउन नसक्दा जनजीवन थप प्रभावित बन्दै गएको छ। यो अवस्था काठमाडौँ उपत्यकामा समेत देखिएको छ।

भारतबाट आएका व्यक्तिको परीक्षण गरी उचित व्यवस्थापन नभई खुलमखुला नेपाल प्रवेश गर्दा समस्या जटिल भएको जनस्वास्थ्य विज्ञको अनुमान छ।

हुन पनि विगत वर्षमा भारतमा भयावहस्थिति भएकोमा त्यहाँबाट आएका व्यक्तिका कारण त्यसको केही हप्तामै नेपालमा पनि महामारी फैलिएको थियो। यसपाली पनि भारतमा विश्वमै उच्च गतिमा महामारी फैलिएको केही हप्तामै नेपाल प्रभावित हुन पुगेको तथ्य स्पष्ट छ। यसको मुख्य समस्या भनेको खुला सिमाना हो। भारतमा अक्सिजन नपाएर कोरोना सङ्क्रमितको मृत्यु भएको समाचार बाहिर आइरहेकै छ।

भारत कै अवस्था नेपालमा हुने हो की भन्ने चिन्ताका बीच सरकारको निर्देशनबमोजिम प्रभावित जिल्लामा अहिले निषेधको आदेश जारी गरेर सङ्क्रमण नियन्त्रणको प्रयास भइरहेको छ।

गृहमन्त्रालयबाट प्राप्त विवरणमा बिहीबारसम्म १५ जिल्लामा पूर्ण र तीन जिल्लामा आंशिक निषेधाज्ञको घोषणा भएको छ। सरकारले सङ्क्रामक रोग नियन्त्रण ऐन २०२० को उपदफा २ बमोजिम पहाडी र हिमाली जिल्लामा २०० र काठमाडौँ उपत्यका तथा तराईमा ५०० सक्रिय सङ्क्रमित रहेका जिल्लामा जिल्लाभर वा निश्चित क्षेत्रमा प्रमुख जिल्ला अधिकारीले निषेधाज्ञा तथा आवश्यक आदेश जारी गर्नसक्ने अधिकार दिएको थियो।

सोही अधिकार प्रयोग गर्दै बाँकेलगायतका केही जिल्लाले यसअघि नै आदेश जारी गरेका थिए भने धेरै जिल्लाले बिहीबारबाट लागू हुनेगरी एक हप्ताका लागि अत्यावयक बाहेकका गतिविधि गर्न नपाउने गरी निषेधाज्ञ जारी गरेका छन्।

सबैभन्दा बढी प्रभावित भएको बाँके जिल्लाले वैशाख १३ गतेबाट निषेधको आदेश जारी गरेको थियो। उक्त आदेश २० गतेसम्म जारी रहने छ। त्यसपछि थप्ने अधिकारसमेत प्रजिअलाई नै रहेको छ। सुर्खेत जिल्लाले वैशाख १४ गतेबाट लागू हुनेगरी आदेश जारी गरेको थियो। आदेश यही वैशाख २१ गते राति १२ बजेसम्म जारी रहने छ।

काठमाडौँ उपत्यकालगायतका ११ जिल्लाले बिहीबार बिहानदेखि लागू हुनेगरी आदेश जारी गरेको छ। कुनै जिल्लाले बिहान ६ बजेदेखि नै लागू गरेका छ भने कुनै जिल्लाले राति १२ बजे (भोलि बिहान) बाट आदेश कार्यान्वयनमा लैजाँदै छ।

मन्त्रालयबाट प्राप्त विवरणअनुसार बिहीबार काठमाडौँका तीनै जिल्ला ( काठमाडौँ, ललितपुर, भक्तपुर) ले बिहान ६ बजेदेखि नै निषेधाज्ञा जारी गरेको छ। उक्त आदेश यही वैशाख २२ गते राति १२ बजेसम्म कायम रहने काठमाडौँका प्रमुख जिल्ला अधिकारी कालीप्रसाद पराजुली बताउनुहुन्छ।

यसरी आदेश जारी गर्ने अन्य जिल्लामा कास्की, कैलाली, पर्सा, कञ्चनपुर, दाङ, पाल्पा, चितवन, रुपन्देही, सल्यान र सुनसरी रहेका छन्। त्यसमध्य पाल्पा र चितवनमा बिहीबार राति १२ बजेबाट र सल्यानमा १९ गते बिहान ६ बजेबाट आदेश कार्यान्वयनमा जाँदैछ। अन्य जिल्लामा भने बिहीबार बिहानैदेखि लागू भएको छ।

यस्तै तीन जिल्लामा आंशिक निषेधाज्ञ जारी गरिएको गृह प्रवक्ता जनकराज दाहालले जानकारी दिनुभयो। उहाँका अनुसार कालिकोट, बाग्लुङ र बर्दियामा आंशिक आदेश जारी भएको छ। कालिकोटमा १० गतेबाट, बाग्लुङमा ७ गतेबाट र बर्दियामा १३ गतेबाटै लागू गरिएको हो।

बाग्लुङको बाग्लुङ नगरपालिका १२, १३, १४ वडा तथा साविक अमलाचौर, पैयूँपाटा र नारायणस्थान क्षेत्रमा लागू गरिएको छ। उक्त क्षेत्रमा यसअघि नै लागू गरिएको थियो। त्यस्तै कालिकोटमा खाँडाचक्र नगरपालिका ११ को रेङ्गिलमा लागू गरिएको छ।

बर्दियाको गुलरिया नगरपालिका-५ र ६ को सम्पूर्ण क्षेत्र, बाँसगढी बजार क्षेत्र, बारबर्दिया नगरपालिकाको जयनगर, कतर्निया बजार, मधुवन नगरपालिकाको लाली बजार ओराली बजार, ठाकुरबाबा नगरपालिकाको बगनाहा, भूरी गाउँ र ठाकुरद्वारा बजार, राजपुर नगरपालिकाको बजार क्षेत्र, बढैयाताल गाउँपालिकाका बजार क्षेत्र तथा गेरुवा गाउँपालिकाको शान्तिबजार र पशुपतिनगर बजार क्षेत्रमा निषेधाज्ञ जारी गरिएको मन्त्रालयले जनाएको छ।

**के गर्न पाइन्छ, के गर्न पाइन्छ ?**

आदेशानुसार सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, तालिम, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस, स्विमिङ पुल, शपिङ मल, मनोरञ्जनस्थल, सैलुन, ब्युटी पार्लर, जिमखाना, समूहमा खेलिने खेलकुद, पुस्तकालय, सङ्ग्रहालय, चिडियाखाना आदि सञ्चालन गर्न पाइने छैन।

विवाह व्रतबन्धको हकमा बढीमा १५ जनासम्म स्वास्थ्य मापदण्ड पालना गर्ने गरी जिल्ला प्रशासन कार्यालयबाट अनुमति लिनुपर्ने हुन्छ। विवाहमा जाँदा व्यानरसहित दुई वटा मात्रै गाडी प्रयोग गर्नुपर्ने छ। विवाहमा जाँदा जिल्ला वा अन्तर जिल्लाका लागि पास नचाहिने तर पार्टी प्यालेस प्रयोग गर्दा भने अनिवार्य पास चाहिने छ।

उक्त अवधिमा अत्यावश्यक सामग्री बोकेका ढुवानीका सवारी साधन, बिरामी तथा कुरुवा बोकेका एम्बुलेन्स, स्वास्थ्यकर्मी तथा सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधनबाहेक अन्य सवारी साधन चल्न पाउने छैन।

सरकारी कार्यालयलगायतका सार्वजनिक सेवा प्रदायक संस्थाको हकमा सम्बन्धित मन्त्रालय वा विभागबाट जारी भएको सवारी पास लिई सवारी साधन प्रयोग गर्न पाइने छ। विकास निर्माण कार्यमा चाहिने मजदुर र सामग्री ढुवानीका साधनको हकमा सम्बन्धित आयोजना वा कार्यालय प्रमुखको सिफारिसका आधारमा पास लिएर चलाउनुपर्ने छ।

खाद्य सामग्री र औषधि तथा स्वास्थ्य सामग्रीसम्बन्धी पसल व्यवसाय बाहेकका व्यवसाय बन्द गरिएको छ। उपत्यकामा खाद्य सामग्री पसल, ग्रोसरी कक्ष बिहान १० बजेसम्म र साँझ ५ देखि ७ बजेसम्म चल्न पाइने छ तर तोकेको स्वास्थ्य मापदण्ड पालना गर्नुपर्ने हुन्छ।

सरकारी कर्मचारी, बैंक तथा वित्तीय संस्था बीमा र सहकारीलगायत राष्ट्र बैंकबाट इजाजत प्राप्त वित्तीय कारोबार गर्ने संस्थामा कार्यरत कर्मचारीको हकमा कार्यालयले जारी गरेको परिचयपत्रका आधारमा आवतजावत गर्न पाइने छ।

काठमाडौँ उपत्यका प्रवेश गर्ने व्यक्तिको अनिवार्य रुपमा स्थानीय तहले तोकेको क्वारेन्टिन र होम आइसोलेसनमा बस्नुपर्ने काठमाडौँका प्रमुख जिल्ला अधिकारी पराजुलीले जानकारी दिनुभयो। पत्रकारको हकमा सूचना विभाग, पत्रकार महासङ्घ र स्वयं सञ्चार संस्थाले जारी गरेको प्रेस परिचयपत्रका आधारमा आवतजावत गर्न पाइने छ।

यसैबीच सरकारले नेपाल सिमाना जोडिएका छिमेकी मुलुकका नागरिकबाहेक अन्य देशका नागरिकलाई स्थलमार्गबाट हुने आवागमन स्थगन गरेको छ। स्थलमार्गबाट नेपाल आउनुपर्ने भारतीय र चिनियाँ नागरिकलाई निजले यात्रा गर्नुअघि स्वाब सङ्कलन भएको ७२ घन्टाभित्रको कोभिड-१९ नेगेटिभ तथा १० दिन अनिवार्य रुपमा होटेल क्वारेन्टिनमा बस्ने गरी होटेल बुक गरेको प्रमाण पेश गरेको आधारमा स्थानीय

*बाँकी अन्तिम पृष्ठमा*




रुपनी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

## विश्व समाचार

### भारतमा एक करोड ८० लाखभन्दा बढी कोरोना सङ्क्रमित

नयाँ दिल्ली, १६ वैशाख (रासस/सिन्ह्वा)।

भारतमा एक करोड ८० लाखभन्दा बढी व्यक्ति कोरोना सङ्क्रमित भएका छन्।

बुधबार एकै दिनमा तीन लाख ७९ हजार २५७ जना थप व्यक्तिमा कोरोना सङ्क्रमण देखिएपछि भारतमा अहिलेसम्ममा एक करोड ८३ लाख ७६ हजारभन्दा बढी व्यक्ति सङ्क्रमित हुनपुगेका केन्द्रीय स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ ।

यहाँ सङ्क्रमणको कारण मृत्यु हुने व्यक्तिको सङ्ख्या दुई लाख नाघेको छ। गएको २४ घण्टायता तीन हजार ६४५ जनाको कोरोना सङ्क्रमणको कारण ज्यान गएपछि यस प्रकोपबाट मृत्यु हुनेको सङ्ख्या दुई लाख चार हजार ८३२ पुगेको सो मन्त्रालयले जनाएको छ।

एकै दिनमा कोरोनाबाट ठूलो सङ्ख्यामा मृत्यु भएको यस वर्ष शुरु भएयताकै यो सबभन्दा धेरै भएको समाचारमा जनाइएको छ।

एकै दिन तीन लाखभन्दा बढी कोरोना भाइरस सङ्क्रमित भेटिएका यो आठौं दिन भएको बताइएको छ। कोरोना महामारी शुरु भएयता विश्वमा भएका सङ्क्रमणको तुलनामा यो ठूलो सङ्ख्या भएको सरकारी तथ्याङ्कले जानकारी दिएको छ।

भारतमा हाल ३० लाख ८४ हजारभन्दा बढी सक्रिय सङ्क्रमित रहेका छन्। भारतमा हालसम्म एक करोड ५० लाख ८६ हजारभन्दा बढी कोरोना मुक्त भएका छन्।

भारतमा गत जनवरी १६ देखि कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो सो समयबाट अहिलेसम्म १५ करोडभन्दा बढी व्यक्तिले खोप लगाएका छन्। कोरोना भाइरसको महामारी फैलिने क्रम एकातिर चलिरहेको छ, भने अर्कोतर्फ कोरोनाभाइरस विरुद्धको खोप चलाउने क्रम पनि चलिनै रहेको छ।

भारतमा अहिले कोभिसिल्ड, कोभ्याक्सिन र स्पुटि्नक भी गरी तीन प्रकारका खोपको प्रयोग भइरहेको सरकारी निकायले जनाएका छन्। रुसले विकास गरेको स्पुटि्नक भी भने गत अप्रिल १२ देखि मात्रै लगाउन थालिएको अधिकारीले जानकारी दिएका छन्।

भारतको राष्ट्रिय राजधानी दिल्ली सबभन्दा धेरै कोरोना प्रभावित राज्यका रुपमा रहेको छ। यहाँ हिजो एकैदिनमा २५ हजार ९८६ जना थप व्यक्ति कोरोना भाइरस सङ्क्रमण देखिएको र ३६८ जनाको मृत्यु भएको छ। दिल्ली कोरोना शुरु भएदेखि हालसम्म यसको सङ्क्रमणको कारण १५ हजार ३७७ व्यक्तिको मृत्यु भइसकेको छ।

### संयुक्त राष्ट्रङ्घले कोभिड विरुद्ध लड्न भारतलाई सघाउने

संयुक्त राष्ट्रसङ्घ, १६ वैशाख (रासस/सिन्ह्वा)।

संयुक्त राष्ट्रङ्घले कोभिड-१९ का विरुद्धमा लड्न भारतलाई सघाउने सङ्घका प्रवक्ताले बुधबार जानकारी दिनुभएको छ।

उहाँले दिएको जानकारीअनुसार कोभिड-१९को सङ्क्रमणका कारण हाल भारतको अवस्था निकै जटिल भएकोले संयुक्त राष्ट्रङ्घले यसका विरुद्धमा भारतलाई सघाउने भएको हो।

संयुक्त राष्ट्रङ्घका विशिष्ठ जनस्वास्थ्य विद्सहितको समूह हाल भारत पुगेको छ। साथै संयुक्त राष्ट्रङ्घले पनि आवश्यक औषधि तथा स्वास्थ्य उपकरण भारतलाई सहयोग गरिरहेको जनाएको छ।

विश्व स्वास्थ्य सङ्गठन र संयुक्त राष्ट्रङ्घीय बालकोषले भारतका लागि अक्सिजनका लागि आवश्यक उपकरण खरिद गरेर पठाएको बताएका छन्।

त्यस्तै भारतका अस्पतालमा आवश्यक भेन्टिलेटर पनि पठाइएको संयुक्त राष्ट्रङ्घले जनाएको छ। यसका साथै विश्व स्वास्थ्य संगठन र संयुक्त राष्ट्रङ्घीय विभिन्न निकायले भारतलाई पिपिइ, पिसिआर परीक्षण गर्ने मेसिनका साथै अरु उपकहरण पनि पठाएको जनाएका छन्।

भारतको सबैभन्दा बढी प्रभावित रहेको राज्य महाराष्ट्रका लागि विश्व स्वास्थ्य सङ्गठनले दुई हजार ६०० भन्दाबढी स्वास्थ्यकर्मी, चिकित्सक तथा अन्य अधिकारी पठाएको जनाएको छ। ती जनशक्तिको माध्यमबाट विशेषगरी महाराष्ट्रमा घुम्ती अस्पताल राखिएका छन्।

ती अस्पतालमा पिसिआर परीक्षणका साथै आवश्यक स्वास्थय उपचार पनि उपलब्ध गराइएको बताइएको छ।

भारतमा हाल कोभिडको अवस्था निकै तीव्रगतिमा वृद्धि भएको छ। यहाँ दिनहुँ लाखौँ जना नागरिक कोभिडबाट सङ्क्रमित हुने गरेका छन् भने कम्तीमा पनि दुई हजार जना मानिस यही सङ्क्रमणबाट नै मृत्यु हुने गरेका छन्।

### मोडर्नाले सन् २०२२ मा तीन अर्ब डोज खोप उत्पादन गर्ने

पेरिस, १६ वैशाख (रासस/एएफपी)।

अमेरिकी औषधि उत्पादक कम्पनी मोडर्नाले सन् २०२२ मा कोभिड-१९ विरुद्धको तीन अर्ब डोज खोप उत्पादन गर्ने बिहीबार घोषणा गरेको छ। कम्पनीले जारी गरेको विज्ञप्तिमा युरोप र संयुक्तराज्य अमेरिकामा खोप उत्पादन र आपूर्ति बढाउन आर्थिक सहायता प्राप्त हुने विश्वास पनि व्यक्त गरेको छ। लगानी बढाइएको खण्डमा खोपका लागि आवश्यक तत्व उत्पादनलाई स्वीस साझेदार लोन्जा र स्पेनको रोभीले दोब्बर वृद्धि गर्न सक्षम हुनेछन्।

अमेरिकामा रहेको मोडर्नाको प्लान्टको उत्पादन क्षमता पनि ५० प्रतिशतले वृद्धि हुनेछ।

कम्पनीले तीन अर्ब खोप उत्पादनका लागि एमआरएनए खोप एवम् मोडर्नाकै पेडियाट्रिक खोप र भेरिएन्ट बुस्टर डोजको मिश्रणमा निर्भर हुने जनाएको छ। साथै कम्पनीले यस वर्ष ८० करोडदेखि एक अर्ब डोज खोप आपूर्ति गर्न सकिने प्रक्षेपण गरेको छ।

कम्पनीका प्रमुख कार्यकारी स्टिफन बान्सेलले मोडर्नाले विकास गरेको कोभिड विरुद्धको खोपले कोरोनाभाइरसको नयाँ प्रजातिको सङ्क्रमण रोक्न पनि सफल भएको बताउनुभयो।

# अनुमति नलिई नदीजन्य पदार्थको उत्खनन रोक्न माग

काठमाडौं, १६ वैशाख (रासस)। सर्वोच्च अदालतमा सातै प्रदेशमा नदीजन्य पदार्थको अनुमति नलिई उत्खनन गर्ने कार्य तत्काल रोक्न परमादेशको माग गर्दै रिट निवेदन दायर गरिएको छ। अधिवक्ता पद्मबहादुर श्रेष्ठसहित सातै प्रदेशका कानून व्यवसायीहरूको निवेदन र वातावरण कानून समाज नेपालको अध्ययन प्रतिवेदन र निवेदकसमेत भई सोमबार दर्ता भएको उक्त निवेदनमा प्राकृतिक स्रोतको कानून र उत्खनन स्थानमा मापदण्ड र प्रदेश कार्यविधिअनुसार तत्काल कार्यान्वयन गर्न सरकारसँग माग गरिएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, वन तथा वातावरण मन्त्रालयलगायतलाई विपक्षी बनाई दायर गरेको रिट निवेदनमा उत्खनन कार्यमा लागेको हकमा अनुगमन गर्ने र अनुमति नलिई उत्खनन गर्ने कार्यलाई तत्काल रोक्नका लागि माग गरिएको छ।

ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड २०७७ को दफा १७ मा नदीजन्य पदार्थको उत्खनन गरिने स्थानको लम्बाइ चौडाइ तथा गहिराइसहितको चार किल्ला उत्खनन गर्ने अवधि र समय प्रयोग गरिने साधनसमेत जानकारीसहित उत्खननस्थलमा सूचनापाटी अनिवार्यरूपमा मिलाउनु पर्नेछ भन्ने कानूनी व्यवस्था रहेको तर स्थलगत अध्ययनबाट सूचनापाटी राखेको नदेखिएकाले रिट निवेदनमा कार्यस्थलमा सूचनापाटी अनिवार्य राख्नु र सोको अनुगमनसमेत गर्नु भन्ने विपक्षीहरूको नाममा परमादेश माग गरिएको छ।

देशभरिका नदीजन्य पदार्थ उत्खननको अनुमति पाइसकेका तर नेपाल सरकारको उत्खनन मापदण्ड र प्रदेश सरकारले बनाएको उत्खनन कार्यविधिको पालाना नगर्ने अनुमति प्राप्त उत्खनन व्यवसायीलाई दण्ड सजायको दायरमा ल्याई कारवाही गर्न माग गरिएको छ।

निवेदनमा नदी उत्खननको अनुमति नै नलिई उत्खनन गर्ने व्यक्ति वा कम्पनी, संस्थालाई कारवाहीको दायरामा ल्याई उत्खनन कार्य तत्काल बन्द गर्न माग गरिएको छ। हाल लागू भएका मापदण्ड, कार्यविधि र नदी संरक्षणसम्बन्धी कानूनमा भएको व्यवस्थाहरूको प्रभावकारी लागू गरी कार्यान्वयन गर्नु माग गरिएको छ।

त्यस्तै नदीजन्य पदार्थको उत्खनन कानूनबमोजिम दर्ता भई वातावरणीय मूल्याङ्कन प्रतिवेदन पारित गरी सोको आधारमा अनुमति लिई उत्खनन कार्यमा लागेको हकमा अनुगमन गर्ने र अनुमति नलिई उत्खनन गर्ने कार्यलाई तत्काल रोक्न माग गरिएको छ। उक्त रिट निवेदनको सुनुवाइ कोभिड जोखिम न्यूनीकरण गर्नका लागि गरिएको लडकाउनका कारण पछि सरेको छ।

# पत्रकार र प्रदेशसभा सदस्यलाई कोरोना संक्रमण

झापा, १६ वैशाख (रासस)। झापामा तीन पत्रकार र एक प्रदेशसभा सदस्य कोभिड १९ बाट सङ्क्रमित हुनुभएको छ।

नेपाल पत्रकार महासङ्घ झापाका अध्यक्ष एकराज गिरीका अनुसार पत्रकारहरु पुष्प बराल, नरेन्द्र ढकाल र वीरबहादुर दर्नाललाई कोरोना सङ्क्रमण पुष्टि भएको हो।

झापा क्षेत्र नं १ का प्रदेशसभा सदस्य गोपालचन्द्र बुढाथोकीलाई पनि कोरोना सङ्क्रमण भएको छ। सङ्क्रमित चारै जना हाल चिकित्सकसँगको सल्लाहमा होम आइसोलेसनमा रहनुभएको छ।

# पूर्वमहारानी कोमल आइसीयूमा

काठमाडौं, १६ वैशाख (रासस)। पूर्वमहारानी कोमल राज्यलक्ष्मी शाहलाई सघन उपचारकक्ष (आइसीयू) मा राखेर उपचार भइरहेको छ। श्वासप्रश्वासको समस्या देखिएपछि उहाँलाई बुधबार साँझदेखि आइसीयू कक्षमा राखेर उपचार गरिएको नर्भिक अस्पतालका सूचना अधिकारी सोमनाथ बाँस्तोलाले जानकारी दिनुभयो।

उहाँका अनुसार पूर्वमहारानी कोमललाई अक्सिजनको हाइफ्लो सपोर्टमा राखेर उपचार भइरहेको छ। "अक्सिजनको मात्रा कम भएकाले उहाँलाई अक्सिजनको हाइफ्लो सपोर्टमा राखिएको छ", उहाँले भन्नुभयो। यस्तै पूर्वराजा ज्ञानेन्द्र शाहलाई पनि अक्सिजनको सपोर्टमा राखेर उपचार भइरहेको छ।

उहाँकी छोरी प्रेरणा राज्यलक्ष्मी शाहको अवस्था भने सामान्य रहेको छ। केही दिनअघि कोरोना भाइरसको सङ्क्रमण देखिएपछि उहाँहरू तीनै जनालाई अस्पतालमा भर्ना गरिएको थियो।

# चालक अनुमतिपत्रको अनलाइन आवेदन प्रणाली बन्द

काठमाडौं, १६ वैशाख (रासस)। यातायात व्यवस्था विभागले लसबिहीबारबाट सवारी चालक अनुमतिपत्रको अनलाइन आवेदन प्रणाली बन्द गरेको छ। विभागले सूचना जारी गर्दै अर्को सूचना प्रकाशन नभएसम्मका लागि हाल सेवा स्थगन गरिएको जनाएको छ।

विश्वभरि फैलिँदै गइरहेको नयाँ भेरियन्टको कोभिड-१९ का कारण सरकारले निषेधाज्ञा जारी गरेकै दिनबाट विभागले तत्काल लागि सेवा स्थगन गरेको हो। विभागले गत वर्ष चैतमा सरकारले बन्दाबन्दी जारी गरेदेखि गत पुससम्म सेवा अवरुद्ध गरेको थियो। गत असारमा बन्दाबन्दी खुकुलो बनाएसँगै नवीकरण र छापिसकेका अनुमतिपत्र वितरण जारी राखे पनि नयाँ अनुमतिपत्र छपाइ रोकेको थियो। अहिले पनि विभागले झण्डै पाँच लाख अनुमतिपत्र छाप्न बाँकी छ।

# जनताका गुनासा सम्बोधन गर्न सिसीएमीद्वारा संयन्त्र गठन

काठमाडौं, १६ वैशाख (रासस)। कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र ( सिसीएमसी)ले सङ्क्रमण र बन्दाबन्दीमा जनताका गुनासा सम्बोधन गर्नका लागि संयन्त्र गठन गरेको छ। सिसीएमीका निर्देशक उपप्रधानमन्त्री ईश्वर पोखरेलले बिहीबार निर्देशन दिएपछि जनताका गुनासा, उजुरी तथा सुझावको तत्काल कार्यान्वयन गर्नका लागि संयन्त्र गठन गरिएको उहाँका प्रेस सल्लाहकार गणेश पाण्डेले जानकारी दिनुभयो।

उहाँका अनुसार जनताका गुनासा टोल फ्री नं ११४० मा फोन गरे २४ घण्टाभित्र समस्याको समाधान हुने गरी संयन्त्र गठन गरिएको छ। यस्तै शव व्यवस्थापनका लागि १०५ र एम्बुलेन्सका लागि १०२ मा सम्पर्क राख्न हुन सिसीएमसीले अनुरोध गरेको छर।

यसैगरी विदेश जाने र विदेशबाट आउनेले सिसीएमसीको वेबसाइट अक्नआनयखालउ रहेको फारम भर्न अनुरोध गरिएको छ। यसरी सङ्क्रमण र बन्दाबन्दीमा परेका व्यक्तिलाई सहज बनाउनका लागि संयन्त्र गठन गरिएको हो। कोरोना भाइरस सङ्क्रमणको दर उच्च भएपछि सरकारले बिहीबारदेखि उपत्यकामा वैशाख मसान्तसम्म बन्दाबन्दीको घोषणा गरेको छ।

### १५ मा पूर्ण र ...

प्रशासनको अनुमतिमा नेपाल प्रवेश गर्न दिने निर्णय गरेको छ।

हवाई मार्गबाट नेपाल प्रवेश गर्ने नागरिकले पनि उक्त मापदण्ड पालना गर्नुपर्नेछ। उनीहरुले १० दिन अनिवार्य होटेल वा होम क्वारेन्टिनमा बस्नुपर्नेछ।

### पर्सामा एकै ...

सङ्क्रमणको दोस्रो छालमा फेला परेका सङ्क्रमितमध्ये यो सबैभन्दा बढी सङ्ख्या रहेको बताउनुभयो। यससँगै पर्सामा सङ्क्रमितको कुल सङ्ख्या चार हजार ३१७ पुगेको छ। त्यस्तै सक्रिय सङ्क्रमितको सङ्ख्या एक हजार १३५ पुगेको जिल्ला प्रशासन कार्यालय पर्साले जनाएको छ।

कोरोना घटाउन र हटाउन
जनस्वास्थ्यका मापदण्ड पालना गरौं



मास्क लगाऔं, साबुनपानीले हात धोऔं, भौतिक दुरी कायम राखौं
आफू सुरक्षित रही
अरुलाई पनि सुरक्षित रहन मद्दत गरौं
तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit | City Express Money Transfer | Best Remit | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : *rajbirajdainik@gmail.com*, वेबसाइट : *rajbirajdainik.com.np*